# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमतीप्रदेश, नेपाल

पत्र संख्या :- ०७९/८०
चलानी नं :- २२

**मिट मार्ट स्थापनाको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना**

**सूचना प्रकाशित मितिः २०७९।०५।१७**

यस टोखा नगरपालिकाको पशू सेवा शाखाको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशू पन्क्षी तथा मत्स्य प्रवर्दन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ मा उल्लेख भए बमोजिम लागत साझेदारीमा मिट मार्ट स्थापना गर्न इच्छुक नगरपालिकाका मासु व्यवसायीहरुले यो सूचना प्रकाशन भएको मितिको ३५ दिन भित्र तपशिलमा उल्लेख गरिएका कागजपत्र संलग्न राखि निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । रित नपूगेका र म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**कार्यक्रम**

| क्र.सं | कार्यक्रमको नाम | इकाइ | परिमाण | साझेदारी रकम रु | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|
| १ | मिट मार्ट स्थापना | संख्या | १ | ५०% वा बढिमा २९ लाख सम्म | ५०% वा घटीमा २९ लाखसम्म |

नोटः अनुदान रकमको १.५% कन्टीन्जेन्सी कट्टी गरिन्छ ।

संलग्न गर्नुपर्ने कागजातहरु

१. आवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
२. प्राविधिक र आर्थिक प्रस्तावको संक्षिप्त कार्ययोजना
३. सम्बन्धीत वडाको सिफारिस
४. कार्यक्रम कार्यान्वयन स्थलको जग्गा स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपि
५. जग्गा लिजमा लिएको भए करारनामा कागजात वा सम्झौता पत्र
६. प्रचलित कानून बमोजिम आधिकारिक निकायमा दर्ता भएको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि
७. स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि
८. कार्यक्रम कार्यान्वयन वर्ष अघिको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रमाणित प्रतिलिपि
९. लागत साझेदारीमा प्रतिवद्दता पत्रमा अन्य निकायबाट अनुदान लिएको/ नलिएको उल्लेख गर्ने

सुलोचना २०७९/०५/१७
..................
पशू सेवा शाखा
टोखा नगरपालिका